बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक

पत्र सङ्ख्या: ०८२/०८३
चलानी नम्बर:

मिति: २०८३।०१।२५
ने.सं. ११४६, वछलागा, षष्ठी

**विषय: 'सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम'का लागि विद्यालय छनोट गरिएको सूचना।**

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **'सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम'** कार्यान्वयन सम्बन्धमा मन्त्रालयबाट स्वीकृत "भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम मिति २०८२।११।०१ मा सूचना प्रकाशन गरी काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका सामुदायिक माध्यमिक विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुलाई कार्यविधिको दफा ५ बमोजिमको सिफारिस समितिले माध्यमिक विद्यालयहरुको लागि अनुसूची -१ बमोजिम मूल्याङ्कन गरी यस कार्यालयको मिति २०८३।०१।२५ को निर्णयानुसार तपसिलका विद्यालय **'सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम'** को लागि छनोट भएकोले सम्बन्धितको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै छनोट भएका विद्यालयले यो सूचना प्रकाशन भएको सात (७) दिनभित्र निम्नानुसारको कागजात सहित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापक सम्झौता गर्नको लागि कार्यालयमा उपस्थिति हुन जानकारी गराइन्छ।

**कार्यक्रमका लागि छनोट भएको विद्यालय:**

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | श्री चक्रज्योति मा.वि., बनेपा न.पा.-१३, काभ्रेपलाञ्चोक | |

**पेश गर्नुपर्ने कागजातहरु**

- कार्यक्रमको सम्झौता गरी पाउँ भन्ने पत्र,
- विद्यालयको वर्तमान अवस्था झल्किने विवरणसहित प्रस्तावनाको सक्कल प्रति तथा प्रस्तावित बजेट कार्यान्वयन योजना,
- कार्यालयबाट प्राप्त अनुदान रकमबाट विद्यालयले सञ्चालन गर्ने क्रियाकलापसहितको बजेट कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय,
- आवश्यकता अनुसार स्थानीय तहमा कार्यरत सम्बन्धित विषयक्षेत्रको प्राविधिकबाट तयार तथा स्वीकृत गरिएको कार्यक्रमको लागत अनुमान तथा स्पेसिफिकेसन ,
- विद्यालयको चेकको भित्री पानाको फोटोकपी र विद्यालयको स्थायी लेखा नम्बर ( PAN No.) को फोटोकपी,
- प्रस्तावनामा उल्लेख गरिएका कार्यक्रम तथा विवरणहरुको थप पुष्टि हुने कागजातहरु।

रन माया फ्याक
कार्यालय प्रमुख

**बोधार्थ**

श्री बनेपा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बनेपा।
श्री बनेपा नगरपालिका, १३ नं. वडा कार्यालय, बनेपा।